# पर्रोहा बहुमुखी क्याम्पस

## सैनामैना - ४, रूपन्देही

## स्था. २०६७

# वार्षिक प्रतिवेदन

## आ.व. २०७८/०७९

## प्रकाशित मिति: २०७९ माघ

## प्रतिवेदनको सार

यस पर्रोहा बहुमुखी क्याम्पस साबिक पर्रोहा गाबिसमा सैनामैना नगरपालिकामा कियाशिल राजनीतिक दल, शिक्षाप्रेमी, समाजसेवी, तथा बुद्दिजिवी व्यक्तित्वहरुको स्थानियस्तरमै उच्च शिक्षाको पहुंच उपलब्ध गराउने अभिलाशाले तत्कालिन पर्रोहा गाबिसको आर्थिक सहयोग र पर्रोहा मा.बि.को भौतिक सहयोगमा स्थापना गरिएको थियो । क्याम्पसको शिक्षण प्रत्रियालाई अ प्रभावकारी बनाउन निम्न विभिन्न भौतिक र शैक्षिक कार्यहरु गर्ने योजना प्रस्तुत गरेको छ । गुणस्तरीय शिक्षाको लागी महत्वपूर्ण भूमिका निर्वाह गर्ने पुस्तकालयलाई अझ प्रभाव बनाउने, e-Library को निर्माण गर्ने, कम्प्यूटर ल्याव स्थापना गर्ने । QAA प्रक्रियालाई अझै प्रभावकारी रुपमा अगाडी बढेको छ ।

वर्तमानसम्म आइपुग्दा आफ्नै भवनमा व्यवस्थित रुपले पठनपाठन सञ्चालन गर्न सफल यस क्याम्पसको महत्व र आवश्यकता उत्तरोतर बद्धदै गएको अनुभूति हुन थालेको परिप्रेक्ष्यमा विगत वर्षहरुमा क्याम्पसले बेहोर्नुपरेको कोभिड १९ को समस्या, गत त्रिवर्षीय शैक्षिक, भौतिक, आर्थिक अवस्थागत विवरणको विश्लेषणका साथै सामाजिक अवस्था, वर्तमान चुनौती र भावी योजना, अवसर सँगै चुनौती समाधानका उपाय तथा क्याम्पस सञ्चालनका सबल पक्षहरु समेतलाई औंल्याउने गरी यो प्रतिबेदन तयार गरिएको छ ।

| क्र.सं. | बिषय सूची | पेज नं. |
|---|---|---|
| १ | संक्षिप्त परिचय | १ |
| १.१ | क्याम्पसको मुख्य उद्देश्य | १ |
| १.२ | क्याम्पसको मुख्य रणनीति | २ |
| १.३ | क्याम्पस संचालक समिति नामावली | २ |
| १.४ | भौतिक पूर्वाधार निर्माण समिति | ३ |
| १.५ | पूर्णकालीन तथा आंशिक प्राध्यापकहरूको विवरण | ३ |
| २ | शैक्षिक अवस्था र प्रगति | ४ |
| २.१ | अपेक्षित महत्वपूर्ण सूचाङ्कहरु | ४ |
| २.२ | विगत ५ वर्षको विद्यार्थी भर्ना विवरण | ४ |
| २.३ | विगत ३ वर्षको विद्यार्थी उत्तिर्ण दर विश्लेषण | ५ |
| २.४ | संकायगत विश्लेषण तथा शैक्षिणी कार्यक्रमहरु | ५ |
| ३ | भौतिक अवस्था | ५ |
| ४ | शैक्षिक सामग्रीको अवस्था | ७ |
| ५ | आर्थिक अवस्था | ८ |
| ६ | आय/व्यय विवरण | ८ |
| ७ | क्याम्पसको सामाजिक क्रियाकलाप | ८ |
| ८ | क्याम्पस विकासको लागि समाजको योगदान | ९ |
| ९ | समस्या र चुनौतीहरु | १० |
| १० | चुनौती समाधानका लागि अपनाइएका उपाय तथा योजनाहरु | १० |
| ११ | कार्य योजना | १० |
| | प्रतिवेदन लेखन उपसमिति | i |
| | अनुसूची १ (लेखापरिक्षण प्रतिवेदन) | ii-vii |
| | अनुसूची २ ( IQAC Review of Strstegic Plan & Achievement ) | viii-x |
| | अनुसूची ३ (अनुमानित बजेट) | xi |

## १) संक्षिप्त परिचय

औद्योगिक तथा ऐतिहासिक नगरी बुटवलदेखि १५ कि.मि. पश्चिम सैनामैना नगरपालिका-४ मा अवस्थित यस पर्रोहा बहुमुखी क्याम्पस यस क्षेत्रका बुद्धिजिवी, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिज्ञ, प्रवुद्ध व्यक्तिहरु एवम् स्थानिय समुदायको सक्रियतामा, स्थानीय स्तरमै सर्वसुलभ एवं गुणस्तरीय उच्चशिक्षा प्रदान गराउने उद्देश्यका साथ वि.सं. २०६७ सालमा स्थापना गरिएको हो । तत्कालिन पर्रोहा गाबिसको आर्थिक सहयोग र पर्रोहा मा. वि. को भौतिक सहयोगमा क्याम्पस स्थापना गरिएको थियो । तत्पश्चात बिभिन्न समय पार गर्दै यो क्याम्पस बर्तमान समयमा आफ्नै भवनमा संचालित छ । विश्वबिद्यालय अनुदान आयोगबाट, सैनामैना नगरपालिकाको आर्थिक सहयोग र पर्रोहा मा. बि. को जग्गा सहयोगमा व्यवस्थापन गरी यो क्याम्पसको Block A तीन तल्ले भवन निर्माण भईसकेको छ । यसका साथै प्रशासनिक भवनको लागि Block B भवनको तेस्रो तल्लाको ढलान कार्य समेत सम्पन्न भएको छ ।

यस क्याम्पस स्थापनाको प्रमुख उद्देश्य उच्चशिक्षाको पहुँचको सुगमतालाई यस क्षेत्रका सबै वर्गका विद्यार्थीहरु समक्ष पुऱ्याउने तथा गुणात्मक उच्च शिक्षाको खोजीमा शहर तथा विदेशका क्याम्पसहरुमा जानुपर्ने बाध्यताबाट मुक्त बनाई स्थानीय तहमा गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने रहेको छ । उच्च शिक्षाको लागि टाढा जानु पर्ने बाध्यतालाई चिर्दै यस क्याम्पस उच्च शिक्षा अध्ययनको लागि विद्यार्थीहरुको रोजाईको केन्द्र बन्दै गईरहेको छ । यो क्याम्पस अभिभावक तथा विद्यार्थीहरुको निर्विकल्प संस्था मात्र नभई क्याम्पसको शैक्षिक गुणस्तर प्रतिको विश्वास र भरोसा पनि हो । हालै क्याम्पस गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्राप्तीका लागि विश्वविद्यालय अनुदान आयोगबाट निरिक्षण तथा मुल्याङ्कन कार्य सम्पन्न भएको छ ।

हाल यस क्याम्पसमा कुल ३८४ जना क्याम्पस सभा सदस्य रहेका छन् । आज हामी १२ औं क्याम्पस सभा हर्षोउल्लासका साथ मनाईरहेका छौं ।

### १.१) क्याम्पसको मुख्य उद्देश्य

देशको राष्ट्रिय शिक्षा निति र योजना अनुरुप राष्ट्रको चौतर्फी विकासको लागी चाहिने मध्यम तथा उच्च स्तरको सीपयुक्त जनशक्तिको आवश्यकतालाई परिपुर्ती गर्ने शैक्षिक लक्ष्यहरुलाई मध्यनजर गरी यो क्याम्पसको स्थापना भएको हो । जसको निम्न उद्देश्य रहेको छन् ।

क. उच्च शिक्षाको आवश्यकतालाई शुलभ गराउने ।
ख. ज्ञान, बिज्ञान, कलासाहित्य र व्यवसायिक क्षेत्रमा सीप र शिक्षाको अभिबृद्धि गर्ने ।
ग. चरित्र निमार्णद्वारा राष्ट्र सेवामा संलग्न हुने सक्षम् नागरिक तयार गर्ने ।
घ. त्रिभुवन विश्वबिद्यालय तथा अन्य विश्बबिद्यायलवाट सम्बन्धन लिई बिभिन्न तहका संकाय सैद्धान्तिक प्राबिधिक शिक्षा सञ्चालन गर्ने ।
ङ. आवश्यकता अनुसार सामुदायिक अस्पताल, शिक्षण अस्पताल, प्राविधिक शिक्षालय र अनुसन्धान केन्द्र जस्ता क्षेत्रमा यस क्याम्प्सलाई विकास गर्दै लैजाने ।

### १.२) क्याम्पसको मुख्य रणनीति

२०७६/०७७ सालमा रणनीतिक योजना तयार गर्न रणनीतिक योजना समिति गठन गरिएको र उक्त समितिले रणनीतिक योजना निर्माण गरी क्याम्पस संचालक समितिलाई पेश र उक्त योजनालाई आवश्यक परिमार्जन गरी अनुमोदन भएको थियो । उक्त रणनीतिक योजनालाई योजनालाई आधार मानी विश्वविद्यालय अनुदान आयोग, नेपाल (UGC, Nepal) ले विभिन्न शिर्षकमा अनुदान प्रदान गर्दै आईरहेको छ ।

**रणनीतिक योजनाका मुख्य रणनीतिहरु निम्नानुसार रहेका छन् ।**

१) आन्तरिक गुणस्तर सुनिश्चित तथा सांगठनिक पूर्नसंरचना (Organizational Reformation)
२) संचार प्रणालीलाई सुदृढ् गर्न ICT तथा EMIS को स्थापना
३) पूर्वाधार, वित्तीय र स्रोत व्यवस्थापन र विकास
४) शैक्षिक कार्यक्रम सुधार र विस्तार
५) मानव संसाधन विकास रणनीति
६) भूमि प्राप्ती रणनीति
७) अनुसन्धान, परामर्श र साझेदारी तथा सहयोग

उक्त रणनीति अनुसार क्याम्पसले समग्र उद्देश्य तय गरेको र निरन्तर कार्ययोजना कार्यान्वयन हुँदै आएको छ । योजनाको विस्तृत रुप रणनैतिक योजना (सन् २०१९-२०२४)

### १.३) क्याम्पस संचालक समिति नामावली

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री खुसीराम चौधरी | अध्यक्ष |
| २ | श्री मिन प्रसाद पौडेल | उपाध्यक्ष |
| ३ | श्री मञ्जु ज्ञवाली | कोषाध्यक्ष |
| ४ | श्री कमलराज घिमिरे | सदस्य |
| ५ | श्री कृष्ण बम मल्ल | सदस्य |
| ६ | श्री चन्द्रकान्त पाण्डे | सदस्य |
| ७ | श्री नरहरी अर्याल | सदस्य |
| ८ | श्री पुष्पा पौडेल | सदस्य |
| ९ | श्री रिना के.सी. | सदस्य |
| १० | श्री राम प्रसाद अधिकारी | पदेन सदस्य, वडाअध्यक्ष |
| ११ | श्री फणेन्द्र प्रसाद शर्मा | पदेन सदस्य, नगर प्रमुख |
| १२ | श्री जीवराज पौडेल | सम्मानित सदस्य, जग्गादाता |
| १३ | श्री जगन्नाथ गौतम | प्राध्यापक प्रतिनिधि |
| १४ | श्री हेमचन्द्र खराल | सदस्य सचिव |

## १.४) भौतिक पूर्वाधार निर्माण समिति

क्याम्पसको भौतिक पूर्वाधार योजना सम्पन्न गर्नका लागि संचालक समिति, प्राध्यापक र विद्यार्थी सहितको तपसिल बमोजिम  निर्माण समिति गठन गरिएको छ ।

| क.सं. | नाम, थर | पद |
|---|---|---|
| १ | श्री मिन प्रसाद पौडेल | संयोजक |
| २ | श्री नरहरी अर्याल | सदस्य |
| ३ | श्री मञ्जु ज्ञवाली | सदस्य |
| ४ | श्री रिना के.सी. | सदस्य |
| ५ | जगन्नाथ गौतम ( प्राध्यापक प्रतिनिधि) | सदस्य |
| ६ | सम्झना खरेल (विद्यार्थी प्रतिनिधी) | सदस्य |
| ७ | भिमलाल अर्याल (सहयोगी) | सदस्य |
| ८ | होमन चौधरी (लेखा प्रमुख) | सदस्य सचिव |

## १.५) पूर्णकालीन तथा आंशिक प्राध्यापकहरूको विवरण

| क.स. | पद | नाम थर | योग्यता | सेवाको प्रकार |
|---|---|---|---|---|
| १ | क्याम्पस प्रमुख | हेमचन्द्र खराल | एम.बि.एस. | पूर्णकालीन |
| २ | प्राध्यापक | जगन्नाथ गौतम | एम.बि.एस./एम.ए | पूर्णकालीन |
| ३ | प्राध्यापक | हेमन्त शर्मा | एम.बि.एस. | पूर्णकालीन |
| ४ | प्राध्यापक | मोहन शर्मा | एम.बि.एस. | पूर्णकालीन |
| ५ | प्राध्यापक | मिना शर्मा | एम.एस.सि. | आंशिक |
| ६ | प्राध्यापक | गोकुल शर्मा | एम.ए | आंशिक |
| ७ | प्राध्यापक | लोकनाथ अधिकारी | एम.ए | आंशिक |
| ८ | प्राध्यापक | दिन प्रसाद घिमिरे | एम.ए | आंशिक |
| ९ | प्राध्यापक | फर्शुराम आचार्य | बि.एल./एम.एड. | आंशिक |
| १० | प्राध्यापक | अशोक राना | एम.बि.एस. | आंशिक |

## २) शैक्षिक अवस्था र प्रगति

२१ जना विद्‌यार्थीबाट वि.वि.एस. कक्षा शुभारम्भ गरिएको यस क्याम्पसमा हाल शैक्षिक वर्ष २०७९/०८० मा प्रथम वर्षमा ७५ जना विद्यार्थी भर्ना भएका छन् भने उक्त संख्या सहित क्याम्पसको रेकर्ड अनुसार हाल करिव ३८४ जना विद्यार्थीहरु अध्ययनरत छन् । कर्तव्यनिष्ठ प्राध्यापक ज्यूहरुको कुशलता, क्याम्पसको स्थायित्व प्रति जिम्मेवारीपूर्ण उत्तरदायित्व र लगनशिलता साथै अनुशासित र अध्ययनशिल विद्यार्थीहरुका कारण यस क्याम्पसको परीक्षा नतिजालाई त्रि.वि. को औसत नतिजा भन्दा माथि कायम राख्न सकेका छौं । विद्यार्थीहरुको सैद्धान्तिक साथै व्यावहारिक शिक्षालाई पनि प्राथमिकतामा राख्दै यस क्याम्पसको शैक्षिक गुणस्तरलाई अभिवृद्धी गर्ने कुरामा कटिबद्ध छौं ।

यस क्याम्पसलाई शैक्षिक धरोहरको रुपमा विकास र विस्तार गर्न क्याम्पसका सबै सरोकारवालाहरु र व्यक्तिहरुको समान चासो र लगाव हुनु आवश्यक छ । शिक्षण संस्थामा सबैको चासो हुन सके मात्रै देशको समग्र शैक्षिक गुणस्तर बृद्धी हुने निश्चित छ ।

### २.१) अपेक्षित महत्वपूर्ण सूचाङ्कहरु

| क्र.सं. | विवरण | अपेक्षित अनुपात आ.व. २०८० |
|---|---|---|
| १ | शिक्षक र विद्यार्थी अनुपात | १ : ४५ |
| २ | डेस्क/बेन्च र विद्यार्थी अनुपात | १ : ३ |
| ३ | पुस्तक र विद्यार्थी अनुपात | ८ : १ |
| ४ | पूर्णकालिन र आंशिक शिक्षक अनुपात | ६ : ४ |
| ५ | खानेपाने र विद्यार्थी अनुपान | ६ : १ |
| ६ | ईन्टरनेट पहुँच | थप विस्तार गर्ने |

### २.२) विगत ५ वर्षको विद्यार्थी भर्ना विवरण

विगत ५ वर्षको विद्यार्थी भर्ना विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| BBS | First Year | | Second Year | | Third Year | | Fourth Year | |
|---|---|---|---|---|---|---|---|---|
| Year | Total | Female | Total | Female | Total | Female | Total | Female |
| 2075/76 | 80 | 51 | 40 | 27 | 73 | 63 | 38 | 28 |
| 2076/77 | 96 | 57 | 34 | 23 | 64 | 52 | 32 | 22 |
| 2077/78 | 114 | 68 | 70 | 49 | 28 | 22 | 59 | 49 |
| 2078/079 | 48 | 31 | 103 | 64 | 63 | 46 | 30 | 19 |
| 2079/080 | 74 | 50 | चालु रहेको | | | | | |

शैक्षिक वर्ष २०७५/७६ र २०७६/७७ मा भन्दा २०७७/२०७८ मा भर्ना विद्यार्थी संख्या बढी छ । प्रत्येक वर्ष महिला विद्यार्थीको संख्या पुरुष विद्यार्थी संख्या भन्दा उल्लेख्य रुपमा बृद्धि भईरहेको देखिन्छ ।

### २.३) विगत ३ वर्षको विद्यार्थी उत्तिर्ण दर विश्लेषण

विद्यालय स्तरमा जस्तो नियमित कक्षा उपस्थितिलाई अनिवार्य गर्न नसकिने अवस्थाका बाबजुद पनि पर्रोहा बहुमुखी क्याम्पसको नियमित विद्यार्थीहरु तर्फको शैक्षिक नतिजा तथा उपलब्धिहरु सकारात्मक नै देखिएका छन् । विश्वविद्यालय अनुदान आयोगको **EMIS** रिपोर्ट २०७७/०७८ अनुसार राष्ट्रिय उत्तिर्ण दर भन्दा यस क्याम्पसको उत्तिर्ण दर माथि रहेको छ । हाल सालै प्रकाशित BBS चौथो वर्षको नतिजामा ६५ प्रतिशत विद्यार्थी उत्तिर्ण हुन सफल भएका छन् ।

| **Year** | **First Year** | | | **Second year** | | | **Third Year** | | | **Fourth Year** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | **T.A.** | **Pass** | **%** | **T.A.** | **Pass** | **%** | **T.A.** | **Pass** | **%** | **T.A.** | **Pass** | **%** |
| **2075/76** | 109 | 39 | 35.78 | 100 | 34 | 34 | 63 | 28 | 44.44 | 43 | 17 | 39.53 |
| **2076/77** | 37 | 10 | 27.03 | 72 | 31 | 31 | 39 | 12 | 30.77 | 31 | 13 | 41.94 |
| **2077/78** | 68 | 37 | 54.21 | 36 | RNP | | 65 | 11 | 16.92 | 28 | 16 | 57.14 |
| **2078/79** | | | | | | | | | | 57 | 37 | 64.91 |

RNP = Result Not Published

### २.४) संकायगत विश्लेषण तथा शैक्षणिक कार्यक्रम

पर्रोहा बहुमुखी क्याम्पसको विद्यार्थीका श्रोत भनेका छिमेकी माध्यमिक विद्यालयहरु नै हुन् । अधिकांश छिमेकी माध्यमिक विद्यालयहरुमा व्यवस्थापन समूहका विषयहरु भएको सर्न्दभमा यस क्याम्पसमा पनि व्यवस्थापन संकायको माग हुँदै आएकोमा २०६७ सालदेखि व्यवस्थापन संकायको स्नातक तह चार वर्षे बि.बि.एस. अध्ययन अध्यापन संचालन हुँदै आइरहेको छ ।

निकट भविष्यमा समुदायको माग र बजार आवश्यकता अनुसार थप संकायहरु विस्तार गरिने पञ्चवर्षिय रणनीतिक योजनामा (Stratagic Plan-2019- 2024) रहेको छ ।

### ३) भौतिक अवस्था

क्याम्पसको समग्र भौतिक विकास गर्न बृहत गुरुयोजना तयार पारिएको छ । यस क्याम्पसको भौतिक पूर्वाधार निर्माणका लागि यस क्षेत्रका शिक्षाप्रेमी, बुद्धिजिवी, संघसंस्थाका साथै यस क्षेत्रमा क्रियाशिल राजनैतिक दलका प्रतिनिधिको सहयोग निरन्तर भईरहेको छ । यस क्याम्पसको भौतिक पुर्वाधार निर्माणका लागि सैनामैना नगरपालिकाको कार्यालय, साविकको जिल्ला विकास समिति, विश्वविद्यालय अनुदान आयोग, लुम्बिनी प्रदेश सरकार साथै यस क्षेत्रका वासिन्दाको आर्थिक सहयोगमा क्याम्पसको ११ कोठाको पक्की भवन (३ तले) निर्माण भैसकेको छ । यस क्याम्पसका विद्यार्थीहरुलाई अध्ययन अध्यापनमा सहजता ल्याउन आवश्यक सहयोग गर्नुहुने सम्पूर्ण सहयोगी हातहरु प्रति क्याम्पस सदा आभारी रहनेछ ।

क्याम्पस स्थापनाको एक दशक पार गर्दा क्याम्पस पुर्ण रुपमा आफ्नो भवनमा संचालन हुन सकेको छ । हाल यस क्याम्पसमा विद्यार्थी संख्याको बढ्दो चाप उल्लेख्य रहेकाले क्याम्पसले गुणस्तरीय शिक्षा प्रदान गर्न थप कक्षा कोठा निर्माण गर्ने योजना अनुसार भवन Block B को निर्माण भईरहेको छ । आ.व. २०७५/०७६ मा लुम्बिनी प्रदेश सामाजिक बिकास मन्त्रालय, शिक्षा निर्देशनालयबाट रु. १५,००,०००।-

बजेट प्राप्त गरी कम्पाउण्ड निर्माण सम्पन्न भएको छ । त्यसैगरी लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, भैरहवा, रुपन्देहीबाट २०७७/७८ मा रु. ४५,००,०००/- भवन निर्माणको लागि विनियोजन भएकोमा उक्त रकमको काम सम्पन्न भईसकेको छ भने अधुरो भवन निर्माण सम्पन्न गर्न २०७८/७९ मा रु. ४०,००,०००/- अनुदान प्राप्त गरेको र सो बराबरको निर्माण सम्पन्न गर्ने प्रक्रियामा अघि बढीरहेको छ र बाँकी अधुरो भवन निर्माण सम्पन्न गर्नका लागि अनुदान माग गर्न प्रस्ताव पेश गरिएको छ ।

यस पर्रोहा बहुमुखी क्याम्पसको भौतिक अवस्था निम्न रहेको छ ।

**क) जग्गाको क्षेत्रफल-**

यस पर्रोहा बहुमुखी क्याम्पसको क्षेत्रफल ०-११-१ (एघार कठ्ठा एक धुर) छ भने जसमा भोगाधिकारका लागी १० कठ्ठा ७ धुर छ भने १४ धुर लालपुर्जा भएको छ । पर्रोहा बहुमुखी क्याम्पसको दिगो विकासका लागि थप जग्गाको अत्यन्तै आवश्यकता रहेको छ ।

**ख) भवन संख्या**

यस पर्रोहा बहुमखी क्याम्पसको भवन संख्या Block A र Block B गरी दुई वटा मात्रै छ । ११ कोठे Block A भवन निर्माण सम्पन्न भई सकेको छ भने Block B भवनका निर्माणाधिन अवस्थामा रहेको छ र हालै दोस्रो तल्ला ८ ओटा कक्षाकोठा पुरा भई तेस्रो तल्लाको निर्माण कार्य जारी रहेको छ ।

**ग) कक्षा कोठा संख्याः-**

यस पर्रोहा बहुमुखी क्याम्पसमा Block A अन्तर्गत ११ वटा कक्षाकोठा छन् जस्मा १ प्रशासनिक कार्यालय, १ IQAC कार्यालय, १ प्राध्यापक कक्ष, १ लेखा, १ पुस्तकालय, १ सेमिनार हल बाँकी ५ वटा कक्षाकोठा छन् ।

**घ) खानेपानीको अबस्थाः-**

क्याम्पसमा बिद्युतीय फिल्टर १ वटा र फिल्टर १ वटा रहेको छ । जाडोयाममा विद्यार्थीहरुलाई तातोपानी र गर्मीयाममा चिसो पानीको व्यवस्था गरिएको छ ।

ङ) **खेलमैदानः-**

यस पर्रोहा बहुमुखी क्याम्पसको सामान्य खेलमैदान छ तर त्यसलाई व्यवस्थित गर्न बाँकी छ । खेलमैदान विकासका लागि थप जग्गा आवश्यक रहेको छ ।

**च) शौचालयः-**

यस पर्रोहा बहुमुखी क्याम्पसमा ७ वटा छात्र शौचालय छ भने २ वटा छात्रा शौचालय छन् ।

**छ) कम्पाउण्ड वालः-**

प्रदेश सरकार,सामाजिक बिकास मन्त्रालय शिक्षा निर्देशनालयबाट रु १५,००,०००।- प्राप्त भई सम्पन्न भई सकेको छ । क्याम्पस परिसर अत्यन्तै सुरक्षित र पठनपाठन मैत्री रहेको छ ।

**ज) पुस्तकालयः-**

यस पर्रोहा बहुमुखी क्याम्पसमा एक पुस्तकालयसहित Reading Room व्यवस्था गरिएको छ । बदलिदो सूचना तथा संचार प्रणाली अनुसार एक अत्याधुनिक पुस्तकालय निर्माण गर्नु पर्ने हुन्छ । हाल पुस्तकहरु थप भएकाले विद्यार्थीहरुको अनुपातमा आवश्यक पुस्तक र सन्दर्भ पुस्तकको व्यवस्था सन्तोषजनक छ भन्न सकिन्छ ।

**झ) बिरामी कक्ष** (Sick Room)

क्याम्पसमा एक वटा बिरामी कक्ष रहेको छ । जसमा २ वटा वेड र प्राथमिक उपचार किटको व्यवस्था गरिएको छ । छात्राहरुका लागि आवश्यक पर्ने सामग्रीहरुको व्यवस्था रहेको छ ।

**ञ) चेन्जिङ्ग रुम** (Changing Room)

विद्यार्थीहरुलाई क्याम्पस अध्ययन पश्चात सिधै आफ्नो जागिर वा कार्यमा जान सहजताका लागि ड्रेस चेन्ज् गर्न पुरुष तथा महिला छुट्टाछुट्टै चेन्जिङ्ग रुमको व्यवस्था गरिएको छ ।

**ट)** CCTV Camera

क्याम्पस परिसर भित्र, बाहिर र कक्षाकोठामा सबै क्रियाकलापलाई २४ सै घण्टा सि.सि. क्यामेराको निगरानी रहेको छ ।

**४) शैक्षिक सामग्रीको अवस्था**

शैक्षिक पूर्वाधारको विकास तथा आवश्यक शैक्षिक सामग्रीको व्यवस्थापन गरी पर्रोहा बहुमुखी क्याम्पसलाई यस क्षेत्रको शैक्षिक धरोहरको रुपमा विकास गर्ने हाम्रो लक्ष्य अनुरुप हाम्रा प्रयासहरु अविरल संचालित छन् । क्याम्पसमा भर्ना भई अध्ययनरत विद्यार्थीहरुलाई क्याम्पस पुस्तकालयबाट ३ वटा पुस्तक फिर्ता गर्ने गरी उपलब्ध गराउँदै आइएको छ ।

**शैक्षिक सामग्री**

| सि.नं. | सामग्रीको नाम | संख्या |
|---|---|---|
| १ | कम्प्यूटर | ३ |
| २ | ल्यापटप | ३ |
| ३ | प्रोजेक्टर | ७ |
| ४ | फोटोकपी, प्रिन्टर | ३ |
| ५ | स्क्यानर | १ |

**पुस्तकालय किताव**

| सि.नं. | किताव | संख्या |
|---|---|---|
| १ | Text Books | १६५२ |
| २ | Reference Books | ९८ |

**फर्निचर विवरण**

| सि.नं. | सामग्रीको नाम | संख्या |
|---|---|---|
| १ | कार्यालय टेवल | ३ |
| २ | कार्यालय कुर्ची | ३ |
| ३ | डेस्क बेन्च | ७० |
| ४ | दराज | ७ |
| ५ | सेमिनार कुर्ची | १५ |
| ७ | सेमिनार राउण्ड् टेवल | १ |

**५) आर्थिक अवस्था**

स्थानिय स्तर, प्रदेश सरकार र विश्वविद्यालय अनुदान आयोगबाट भएको सहयोगबाट क्याम्पसको भौतिक पुर्वाधार विकास निर्माण संचालन हुंदै आएको छ । हाल यस क्याम्पसको प्रमुख आयस्रोत विद्यार्थीबाट लिइने शुल्क रहेको छ भने भौतिक पूर्वाधार विकासका लागि विश्वविद्यालय अनुदान आयोग, लुम्बिनी प्रदेश सरकारबाट अनुदान प्राप्त भएको र थप प्रक्रियामा समेत रहेको छ । क्याम्पसको आर्थिक अवस्थालाई सवल पार्न विभिन्न संचालन शिर्षकका खर्चहरुमा कटौटी गरी बचतलाई बृद्धि गर्ने कार्यहरु अवलम्वन गरिएको छ ।

**६) आय/व्यय विवरण**

क्याम्पसको आ.व. २०७८/०७९ को अडिटेड् आय/व्यय विवरण यसै प्रतिवेदनको अनुसूची १ मा समावेश गरिएको छ ।

आ.व. २०७९/०८० को बजेट यसै प्रतिवेदनको अनुसूची २ मा समावेश गरिएको छ ।

**७) क्याम्पसको सामाजिक क्रियाकलाप**

क्याम्पस स्थापनाको एक दशक पार गर्दै गर्दा क्याम्पससँग सरोकार राख्ने थुप्रै जनसमुदाय रहेका छन् । क्याम्पस रहेको समाजसँग क्याम्पसको सुमधुर सम्बन्ध हुनु अति आवश्यक छ । विभिन्न सामाजिक क्रियाकलापहरुमा क्याम्पसको पनि आफ्नोतर्फबाट सक्दो भूमिका हुनुपर्दछ भन्ने कुरामा विश्वस्त छौं । यस क्याम्पस पनि समाजकै उपज भएका कारण सामाजिक उत्तरदायित्व वहन गर्न क्याम्पस सँगै विद्यार्थीहरुलाई समेत प्रेरणा, हौसला दिनुका साथै विभिन्न किसिमले सहयोग गर्दै आईरहेको छ ।

शहर सरसफाई कार्यक्रममा सहभागिता, पालिकालाई प्लाष्टिक मूक्त बनाउने अभियानमा विद्यार्थीहरुको सरिकता, वृक्षारोपण कार्यक्रममा सहभागी, जनचेतनामूलक क्रियाकलाप तथा र्‍यालीहरुमा सहभागिता र आर्थिक रुपमा विपन्न विद्यार्थीहरुलाई छात्रवृत्तिमा अध्ययनको अवसर प्रदान गर्नुले पनि यस क्याम्पसले सामाजिक उत्तरदायित्व वहन गर्न अग्रसर भएको साथै प्रेरित गरिरहेको इङ्गित गर्दछ ।

१) विद्यार्थीहरुद्वारा अनाथ आश्रम तथा समाजमा हुँदै आएका घटनाका आवश्यकता अनुसार सहयोग प्रदान गर्दै आईरहेको ।

२) संघसंस्थाद्वारा आयोजित विभिन्न जनचेतनामूलक कार्यक्रमहरुमा यस क्याम्पसको उल्लेखनीय सहयोग र सहभागिता रहँदै आईरहेको छ ।
३) नैतिक शिक्षालाई प्रोत्साहन गर्न विद्यार्थी तथा शिक्षकलाई नैतिक शिक्षा तालिम संचालन गरिएको ।
४) यस क्याम्पसका विद्यार्थीहरुद्वारा सैनामैना नगरपालिकामा अवस्थित विभिन्न १२ वटा विद्यालयहरुमा गई करिब १५०० विद्यार्थीहरुलाई वातावरण सम्बन्धि जनचेतनामूलक कार्यक्रम गरेको ।
५) रेडक्रसले आयोजना गर्ने रक्तदान कार्यक्रममा सहभागी भएको ।
६) सैनामैना नगरपालिका तथा वडा कार्यालयद्वारा आयोजना गरिएको सरसफाई कार्यक्रममा सहभागी भएको ।
७) वृक्षारोपण कार्यक्रममा सहभागी भएको ।
८) विद्यार्थीद्वारा Dream Project अन्तर्गत समाजलाई योगदान गर्ने विषयमा विभिन्न कार्यक्रमहरु संचालन गरिरहेका छन् ।
९) स्थानिय निर्वाचनमा क्याम्पस भवन उपलब्ध गराई निर्वाचन कार्यमा उल्लेखनीय भूमिका निर्वाह गरेको ।
१०) कोभिड-१९ महामारी विरुद्ध लड्न क्याम्पसले क्वारेन्टाईनको रुपमा आफ्नो सम्पूर्ण भौतिक पूर्वाधार तथा स्रोत साधन समाजलाई उपलब्ध गराएको ।
११) क्याम्पसमा रहेका विभिन्न सुविधाहरु समाजलाई आवश्यकता पर्दा आफ्नो सेमिनार हल विभिन्न संघसंस्थाहरुलाई कार्यक्रम संचालन गर्न उपलब्ध गराईरहेको छ ।
१२) आन्तरिक संगठन संस्कृतिलाई प्रवर्द्धन गर्न समाजले गर्भ महसुस् हुने कार्यमा उत्सव् तथा सामाजिक क्षतिमा समवेदना प्रकट गर्दै आईरहेको छ ।

### ८) क्याम्पस विकासको लागि समाजको योगदान

यस क्याम्पसलाई शैक्षिक धरोहरको रुपमा विकास र विस्तार गर्न क्याम्पसका सबै सरोकारवालाहरु र व्यक्तिहरुको समान चासो र लगाव हुनु आवश्यक छ । शिक्षण संस्थामा सबैको चासो हुन सके मात्रै देशको समग्र शैक्षिक गुणस्तर बृद्धी हुने निश्चित छ ।

समाजको सहयोग बिना त्यहाँ कुनै पनि संस्था दिगो हुन सक्दैन । समाजको सहभागिता बिना हाम्रो क्याम्पस पनि अगाडी बढ्न नसक्ने हुनाले यहाँको व्यवस्थापन समिति, शिक्षक, विद्यार्थीहरुले समाजसँग घनिष्ट सम्बन्ध राखेको छ । यहाँका शिक्षाप्रेमी, समाजसेवी, बुद्धिजीवि, व्यापारी वर्ग, संघसंस्था सबैले यस क्याम्पसको विकासको लागि निम्न भूमिकामा योगदान दिएका छन्-

१) शिक्षक अभिभावक संघबाट निरन्तर अनुगमन भई रहेको ।
२) त्रि.वि. र UGC बाट निरन्तर अनुगमन, अवलोकन भईरहेको ।
३) क्याम्पस सभा सदस्यता लिई क्याम्पसलाई आर्थिक सहयोग गरेको ।
४) विभिन्न संघसंस्थालाई क्याम्पस सभा सदस्यता दिलाएको ।
५) विद्यार्थी भर्नामा समाजले उल्लेखनीय सहयोग गरेको ।
६) क्याम्पसको विभिन्न कार्यक्रममा संघसंस्थाहरुद्वारा क्याम्पसलाई प्रायोजना स्वरुप आर्थिक सहयोग तथा पुरस्कार सौजन्य प्राप्त भएको ।
७) विद्यार्थीका लागि विरामी कक्ष निर्माण गर्न तथा क्याम्पस परिसर भित्र वृक्षारोपण गर्ने कार्यमा संघसंस्थाहरुको उल्लेखनीय सहयोग प्राप्त भएको ।

## ९) समस्या र चुनौतीहरु

१) एक मात्र संकाय संचालित भएको र थप संकायहरु संचालन गर्न आवश्यक पूर्वाधार निर्माण र आर्थिक स्रोत जुटाउन चुनौती रहेको छ ।
२) शिक्षकहरुको कार्यमान अनुपात अनुसार सेवा सुविधा धेरै कम रहेको ।
३) कम्प्यूटर ल्यावको अभाव ।
४) क्याम्पसको अतिरिक्त क्रियाकलाप सम्बन्धि पूर्वाधार कमजोर रहेको ।
५) लाईब्रेरी र Reading room को थप विकास गर्नु पर्नेछ ।
६) क्याम्पसमा दिगो आर्थिक स्रोतको अभाव रहेको छ ।
७) क्याम्पसको क्यान्टिनलाई थप सुधार र विकास गर्नुपर्ने छ ।
८) Garden र Greenery को विकास गरी क्याम्पस परिसरलाई सौन्दर्य बनाउनु पर्ने ।
९) क्याम्पस कार्यालय तथा विभागमा ICT उपकरणको अभावसहित कार्य गर्नु परेको ।
१०) विद्यार्थी Drop-out को बिकराल समस्या ।
११) कर्मचारी सन्तुष्टी र विद्यार्थी सन्तुष्टी बृद्धि गर्न गुणस्तरका आयामहरु थप गर्नुपर्ने ।
१२) हरेक वर्ष पुरुष विद्यार्थीको संख्यामा अत्यन्तै कम हुँदै जानु ।

## १०) चुनौती समाधानका लागि अपनाइएका उपाय तथा योजनाहरुः

१) प्रत्येक वर्ष वार्षिक कार्य योजना निर्माण गरी सोहीअनुरुप कार्यक्रमहरु अगाडि बढाइएको छ ।
२) क्याम्पस आचारसहिंताको कार्यान्वयन तथा अनुगमन प्रभावकारी गराईएको छ ।
३) प्राध्यापक तथा कर्मचारीको नियुक्तिसंगै स्थायित्व सम्बन्धी प्रक्रियाको थालनी गरिएको छ ।
४) आन्तरिक लेखापरीक्षणबाट प्राप्त सुझावको आधारमा लेखा राख्ने प्रणालीमा सुधार गरिएको छ ।
५) पूर्वाधार विकासको लागि UGC, प्रदेश सरकार, नगरपालिका जस्ता दातृनिकायसँग समन्वय र प्रस्तावनाहरु पेश गर्दै क्याम्पस पूर्वाधार निर्माण कार्य संचालन भईरहेको छ ।
६) विद्यार्थी तथा शिक्षक सन्तुष्टी मापन गर्न सन्तुष्टी सर्वेक्षण कार्य गरी प्रतिवेदन तयार गरिएको छ ।
७) विद्यार्थीहरुलाई देश भित्रै स्वरोजगार भई राष्ट्रलाई योगदान गर्न Counseling मार्फत उत्प्रेरित गरिएको छ ।
८) विभिन्न अभिभावक, विज्ञ, सरोकारवाला तथा सैनामैना नगरपालिकासँग समन्वय गरी Dropout समस्या र बृहत मात्रामा विद्यार्थीको विदेश पलायनलाई रोक्न निरन्तर बृहत अन्तर्क्रिया संचालन गरी श्वेतपत्र जारी गरिनेछ ।

## ११) कार्य योजना

पर्रोहा बहुमुखी क्याम्पसको समग्र मार्गचित्र, क्याम्पसको रणनीतिक योजना २०१८-२०२३ मा विस्तृत समावेश गरिएको छ । क्याम्पसको पूर्वाधार विकास गर्न Master Plan तर्जुमा गरी पारित गरिएको छ ।

१) QAA प्राप्तीका लागि आवश्यक सम्पूर्ण क्रियाकलाप पुरा गरी आगामी वर्ष २०८० भित्र QAA Certified गर्ने ।
२) क्याम्पसको निर्माणाधिन भवनलाई पूर्णता दिने ।

३) क्याम्पसको रिसेप्सन तथा विभागिय कक्षलाई थप विकास गर्न छुट्टै कोठाको व्यवस्था गर्ने ।

४) ECA गतिविधि प्रवर्द्धन गर्न ECA पूर्वाधार निर्माण आ.व. २०७९/०८० भित्र पुरा गरिनेछ । विशेष गरि भलिबल कोर्ट, ब्याडमिन्टन, टि-टि र बास्केट बल कोर्ट निर्माण गर्न विशेष प्राथमिकता दिईनेछ । उक्त कार्यको लागि विश्वविद्यालय अनुदान आयोगबाट विनियोजित बजेट प्राप्त भएको र छिट्टै उक्त कार्य थालनी गरिनेछ ।

५) क्याम्पस प्राङ्गणमा उद्यान/बगैचा निर्माण गर्ने ।

६) कम्प्यूटर ल्वाब स्थापना गर्ने ।

७) सम्पूर्ण कक्षा कोठामा ईन्टरनेट सूविधासहित प्रोजेक्टर जडान गर्ने ।

८) विद्यार्थी तथा प्राध्यापकहरुलाई नियमित अनुसन्धानात्मक कार्यमा प्रेरित गर्ने ।

९) यसै वर्ष विद्यार्थीद्वारा प्रस्तावित चार वटा उत्कृष्ट Dream Project लाई छनौट गरी कार्यान्वयन गरिने ।

१०) क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको बृत्तिविकास र सबै शिक्षक तथा कर्मचारीलाई संचय कोषको व्यवस्था गरिनेछ ।

११) विद्यार्थी र शिक्षक अनुपात बृद्धी गरी **५० : १** कायम गर्ने ।

१२) विद्यार्थी र डेस्क बेन्च अनुपात **३ : १** कायम गर्ने ।

१३) आन्तरिक गुणस्तर अभिबृद्धि गर्न IQAC लाई बजेट व्यवस्था गरी थप सवलीकरण गर्ने ।

१४) आगामी वर्ष व्यवस्थापनका थप संकायहरु संचालन गर्ने रणनीतिक योजना अन्तर्गत रहेको छ ।

१५) क्याम्पसको जग्गा अभाव रहेको हुनाले थप भूमि प्राप्ती गर्न रणनीतिक योजनाको मुल उद्देश्य रहेको छ ।

१६) क्याम्पसको सबै विभागको आ-आफ्नै कार्य योजना र तालिका निर्माण गरिएको छ ।

१७) बि.बि.ए. तथा एम.बि.एस. कार्यक्रम संचालनार्थ कक्षाकोठाको व्यवस्था

१८) फ्याकल्टीलाई छुट्टै कक्षको व्यवस्था

१९) तालिम हलको स्थापना गर्ने

२०) अपाङ्गमैत्री शौचालयको व्यवस्था गर्ने

२१) लाइब्रेरीको क्षेत्र बिस्तार

२२) क्याम्पसको दिगो विकासका लागि आर्थिक स्रोतको खोजी र व्यवस्थापन गर्ने ।

क्याम्पसको सम्पूर्ण योजना तथा कार्यक्रमहरु रणनीतिक योजना तथा गुरुयोजनामा बिस्तृत रुपमा उल्लेख गरिएको छ । क्याम्पसको कार्यगत विभागहरु जस्तै शैक्षिक विभाग, अनुसन्धान विभाग, अतिरिक्त क्रियाकलाप विभाग र आन्तरिक गुणस्तर सुनिश्चित समितिका आ-आफ्नै छुट्टै योजना रहेका छन् ।

## प्रतिवेदन लेखन उपसमिति

१. श्री खुसीराम चौधरी अध्यक्ष - संयोजक
२. श्री हेमचन्द्र खराल क्याम्पस प्रमुख - सदस्य
३. श्री होमन चौधरी लेखा प्रमुख - सदस्य

क्याम्पस संचालक समितिले प्रतिवेदन तयार उपसमिति गठन गरेको मितिः २०७९ माघ ४

क्याम्पस संचालक समितिले प्रतिवेदन स्वीकृत गरेको मितिः २०७९ माघ १२

अनुसूची १

# लेखापरिक्षण प्रतिवेदन (आ.व. २०७८/०७९)

परोहा बहुमुखी क्याम्पस
सैनामैना-४, रुपन्देही
०७९ साल आषाढ ३२ गतेको बासलात

| पूजी तथा दायित्व | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| गत वर्षसम्मको वचत | १ | ७,२४१,०८७ | ७,०६३,०४९ |
| यस वर्षको वचत | १ | ३३५,२०८ | (२१७२६२ |
| **कुल वचत** | | ७,५७६,२९५ | ६,८४५,७८७ |
| | | | |
| अक्षय कोष | ३ | १०,१०० | १०,१०० |
| सर्शत अनुदान | ८ | २२,५३९,३८० | १७,९७५,४७८ |
| **कुल जम्मा** | | ३०,१२५,७७५ | २४,८३१,३६४ |
| | | | |
| **सम्पत्ति तथा जायजात** | **अनुसूची** | **यस वर्ष** | **गत वर्ष** |
| स्थिर सम्पत्ति | ५ | २९,३८४,३४८ | २५,८६९,३४१ |
| | | | |
| क.चालु सम्पत्ति | | | |
| बैंक तथा नगद मौज्दात | ४ | ३,१४९,०७४ | ७४३,८८६ |
| चालु सम्पत्ति | १० | ३५,१३८ | |
| पेश्की खर्च | ११ | २८९,६१५ | २११,३४६ |
| **जम्मा** | | ३,४७३,८२७ | ९५५,२३२ |
| | | | |
| ख.चालु दायित्व | | | |
| धरौटी फिर्ता गर्न बाँकी | २ | ४६४,५०० | ३८१,५०० |
| खर्च भुक्तानी दिन बाँकी | ९ | २,२६७,९०१ | १,६११,७०९ |
| **जम्मा** | | २,७३२,४०१ | १,९९३,२०९ |
| **चालु पुंजी(क-ख)** | | ७४१,४२६ | (१०३७९७७ |
| | | | |
| **कुल जम्मा** | | ३०,१२५,७७५ | २४,८३१,३६४ |

**लेखा सम्बन्धी निति तथा टिप्पणीहरु** **अनुसूची १२**

होमन चौधरी
लेखा प्रमुख

डा. तारा प्रसाद गौतम
क्याम्पस प्रमुख

खुसीराम चौधरी
अध्यक्ष, क्याम्पस संचालक समिति

चन्द्रकान्त पाण्डेय
संयोजक
आन्तरीक लेखा समिति

K. Gyawali & Associates Chartered Accountants

केशव ज्ञवाली
के.ज्ञवाली एण्ड एसोसिएट्स

पर्रोहा बहुमुखी क्याम्पस

सैनामैना-४, रुपन्देही

आय व्यय विवरण २०७८ श्रावण ०१ देखि २०७९ असार ३२ सम्म

| रकम रु | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| शुल्क आम्दानी | ६ | ४,५६७,९१९ | २,४५८,८३५ |
| अन्य आम्दानी | ७ | २,४९५,७४५ | ५९८,९८५ |
| | | | |
| **कुल जम्मा** | | ७,०६३,६६४ | ३,०५७,८२० |
| | | | |
| प्रशासनीक तथा अन्य खर्च | १२ | १,५७४,७१० | ९७७,२८५ |
| तलब भत्ता खर्च | १२ | ३,४४८,८०७ | २,००१,८५३ |
| ह्रासकट्टी | ५ | १,७०४,९३९ | २९५,९४४ |
| **कुल जम्मा** | | ६,७२८,४५६ | ३,२७५,०८२ |
| | | | |
| बचत | | ३३५,२०८ | (217,262.25) |
| **जम्मा बचत** | | ११७,९४६ | (217,262.25) |

लेखा सम्बन्धी निति तथा टिप्पणीहरु — अनुसूची १२

होमन चौधरी
लेखा प्रमुख

डा. तारा प्रसाद गौतम
क्याम्पस प्रमुख

खुसीराम चौधरी
अध्यक्ष, क्याम्पस संचालक समिति

K. Gyawali & Associates, Chartered Accountants

चन्द्रकान्त पाण्डेय
संयोजक
आन्तरीक लेखा समिति

केशव ज्ञवाली
के.ज्ञवाली एण्ड एसोसिएट्स

परोँहा बहुमुखी क्याम्पस

०७९ साल आषाढ ३२ गते को

बचत

अनुसुची १

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| गत वर्षसम्मको बचत | ६,८४५,७८७ | ७,०६३,०४९ |
| सदस्य शुल्क | ३९५,३०० | - |
| चालु आ.व.को बचत | ३३५,२०८ | (२१७२६२ |
| कुल जम्मा | ७,५७६,२९५ | ६,८४५,७८७ |

धरौटी विवरण

अनुसुची २

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| धरौटी फिर्ता गर्न बाँकी | ४६४,५०० | ३८१,५०० |
| कुल जम्मा | ४६४,५०० | ३८१,५०० |

अक्षयकोष विवरण

अनुसुची ३

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| पृथराज अधिकारी अक्षयकोष | १०,१०० | १०,१०० |
| कुल जम्मा | १०,१०० | १०,१०० |

बैंक तथा नगद मौज्जात

अनुसुचि ४

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| नगद | ६६,६१६ | ३,३९५ |
| एनएमबि बैंक बचत तथा चल्ती | १४,३५६ | १४,२५९ |
| एनएमबि बैंक ३५०१ चल्ती | ९२८ | ९२८ |
| ग्लोबल आईमई बैंक लि. चल्ती | ५,२०८ | ५,२०८ |
| राष्ट्रिय बाणिज्य बैंक | १,२०८,७८० | ३,८१० |
| कृषि विकास बैंक चल्ती | ५,४८१ | ५,४८१ |
| नेपाल बैंक लि चल्ती बचत | २४२,६७१ | ५,००५ |
| प्रभु बैंक बचत | ४७,३२१ | ३८,६३८ |
| एनआईसि एसिया बैंक | ८९७,६१५ | ७,०६३ |
| प्रभु बैंक मुदती | ६५०,००० | ६५०,००० |
| ग्लोबल आईमई बैंक मुदती | १०,१०० | १०,१०० |
| कुल जम्मा | ३,१४९,०७४ | ७४३,८८६ |

K. Gyawali & Associates Chartered Accountants

## पर्रोहा बहुमुखी क्याम्पस

### ०७९ साल आषाढ ३२ गतेको

शुल्क आम्दानी विवरण

अनुसुची ६

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| आवेदन शुल्क | २२,७५० | ८,३०० |
| भर्ना शुल्क | १,१४९,६५० | ६६१,९०० |
| विद्यार्थी त्रिवि दर्ता शुल्क | ७८,४०० | ६०,८०० |
| मासिक शुल्क | १,९८२,१०० | १,०३०,४०० |
| परीक्षा शुल्क आन्तरीक | २३२,२०० | १११,१०० |
| परीक्षा शुल्क बाह्य | ३७०,५०० | ३०८,३०० |
| परीक्षा शुल्क प्रयोगात्मक | ४२,००० | ६६,००० |
| विद्यार्थी त्रिवि सेवा शुल्क | २४४,००० | ९९,००० |
| अतिरिक्त क्रियाकलाप शुल्क | ४०,५०० | २५,६०० |
| परिचय पत्र | १८,५०० | ५,७०० |
| टाई तथा टि सर्ट | १४,८०० | ९,००० |
| प्रमाण पत्र शुल्क | ४८,००० | ७,००० |
| अतिरिक्त आम्दानी | ३२४,५१९ | ६५,७३५ |
| **जम्मा** | ४,५६७,९१९ | २,४५८,८३५ |

अन्य आम्दानी विवरण

अनुसुची ७

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| विश्व विद्यालय अनुदान नियमित | १,००५,००० | ५५१,९७५ |
| विश्व विद्यालय अनुदान एलओआई | १२२,९०० | |
| छुट प्राप्त | ८० | ५,९७६ |
| ब्याज आम्दानी | ५१,७६७ | ४१,०३४ |
| अनुदान को परिशोधन | १,३१५,९९८ | |
| **जम्मा** | २,४९५,७४५ | ५९८,९८५ |

K. Gyawali & Associates · Chartered Accountants

परोहा बहुमुखी क्याम्पस

०७९ साल आषाढ ३२ गतेको

सशर्त अनुदान रकम विवरण 　　　　　　　　　　　　 अनुसुची ८

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| विवि अनुदान आयोग निर्माण | ८,७५०,००० | ८,७५०,००० |
| विवि अनुदान आयोग फर्निचर | ३५०,००० | ३५०,००० |
| विवि अनुदान आयोग उपकरण खरिद | ४००,००० | ४००,००० |
| विवि अनुदान आयोग पुस्तक खरिद | ३५०,००० | ३५०,००० |
| जिविस रुपन्देही निर्माण अनुदान | १,९२७,८२५ | १,९२७,८२५ |
| प्रदेश सरकार अनुदान | ९,५००,००० | ५,०००,००० |
| युजिसी इसिए ग्रान्ट | १,२००,००० | - |
| मुर्गिया खानेपानी तथा सरसफाई संस्था डोनेसन | ५०,००० | - |
| नगरपालिका निर्माण अनुदान | १,१९७,६५३ | १,१९७,६५३ |
| सैनामैना नगरपालिका डोनेसन | १२९,९०० | - |
| अनुदान को परिशोधन | (१३१५९९८ | - |
| कुल जम्मा | २२,५३९,३८० | १७,९७५,४७८ |

परोंहा बहुमुखी क्याम्पस

०७८ साल आषाढ ३२ गतेको

**संचालन खर्च** **अनुसुची १२**

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| तलब भत्ता खर्च | ३,४४८,८०७ | २,००१,८५३ |
| दैनिक तथा भ्रमण खर्च | ७९,०२० | ५२,३०० |
| मसलन्द खर्च | ५२,५७५ | ६५,९२७ |
| छपाई खर्च | ६४,५९५ | ७४,१८२ |
| पब्लिक क्याम्पस संघ खर्च | - | ३,००० |
| दर्ता शुल्क | ९९,५०० | ५,००० |
| परीक्षा खर्च आन्तरीक | ८९,६३० | ७३,७३५ |
| परीक्षा खर्च बाह्य | २२५,५४० | १७५,७४० |
| त्रिवि सेवा शुल्क | ८३,२५० | ५१,००० |
| विद्युत महशुल | ६६,२६३ | ६४,९६८ |
| संचार महशुल | १८,२७० | ८,५२० |
| खानेपानी महशुल | १,२५५ | २,५०० |
| सुचना, शुभकामना तथा विज्ञापन खर्च | २२,५०० | १८,१५० |
| चिया,नास्ता खाजा खर्च | ४१,७८५ | ४१,५३८ |
| मर्मत सम्भार खर्च | ५९,७४५ | २५,००० |
| लेखापरीक्षण खर्च | ४५,२०० | २०,००० |
| साधारण सभा खर्च | - | २९,००० |
| खेलकुद सामग्री खरिद खर्च | ८,४०० | ४८० |
| छात्रवृत्ति वितरण खर्च | ११३,७०० | १८८,६०० |
| मालपोत खर्च | १,२०० | - |
| अनुसन्धान कार्यक्रम खर्च | ६०,००० | ५०,००० |
| इन्धन खर्च | ५,००० | - |
| इन्टरनेट खर्च | ३५,३११ | - |
| तालिम खर्च | १२०,६०० | - |
| संकाय नवीकरण खर्च | ३४,००० | - |
| प्रयोगात्मक खर्च | ४२,४७५ | - |
| कर्मचारी भर्ती खर्च | ५,००० | - |
| CMC चुनाव खर्च | १०,५०० | - |
| बैंक दस्तुर | ७,५४१ | ३० |
| विविध खर्च | १८१,८५५ | २७,६१५ |
| **कुल जम्मा** | ५,०२३,५१७१२ | २,९७९,१३७९७ |

## अनुमानित बजेट (आ.व. २०७९/०८०)

| क्र.सं | नियमित आम्दानी | अनुमानित रकम | क्र.सं | नियमित खर्च | अनुमानित रकम |
|---|---|---|---|---|---|
| १ | आवेदन शूल्क | १५,०००.०० | १ | तलब भत्ता | ३,६००,०००.०० |
| २ | भर्ना शूल्क | १,५५०,०००.०० | २ | स्टेशनरी खर्च | १३०,०००.०० |
| ३ | रजिष्ट्रेशन शूल्क | १२०,०००.०० | ३ | पब्लिक क्याम्पस सदस्यता शूल्क | ३,०००.०० |
| ४ | मासिक शूल्क | २,४९६,०००.०० | ४ | विद्यार्थी रजिष्टेशन खर्च - त्रि.वि. | ७५,०००.०० |
| ५ | परीक्षा शूल्क -आन्तरिक | ३७२,०००.०० | ५ | परीक्षा खर्च - आन्तरिक | १०७,५५६.०० |
| ६ | परीक्षा शूल्क -बाह्य | ४६५,०००.०० | ६ | परीक्षा खर्च - बाह्य | २७०,६४८.०० |
| ७ | परीक्षा शूल्क -प्रयोगात्मक | ५८,०००.०० | ७ | त्रि.वि. सेवा शूल्क भुक्तानी | १४०,७००.०० |
| ८ | त्रि.वि. सेवा शूल्क | ३१०,०००.०० | ८ | खेलकुद सामग्री खर्च | १०,०८०.०० |
| ९ | अतिरिक्त क्रियाकलाप | ६२,०००.०० | ९ | छात्रवृत्ति | १४०,७६०.०० |
| १० | परिचय पत्र | ३७,५००.०० | १० | अतिरीक्त क्रियाकलाप | २७,०००.०० |
| ११ | टाई र टिसर्ट | २५,०००.०० | ११ | शैक्षिक भ्रमण खर्च | ५०,०००.०० |
| १२ | सर्टिफिकेट | ७५,०००.०० | १२ | पुरस्कार खर्च | ३०,०००.०० |
| १३ | विविध | ११५,०४१.६० | १३ | अनुसन्धान कार्यक्रम | १२२,९७०.०० |
| १४ | **कुल (A)** | **५,७००,५४१.६०** | १४ | QAA खर्च | १५८,११२.०० |
| **क्र.सं** | **अनुदान आमदानी** | **अनुमानित रकम** | १५ | तालिम खर्च | १४४,७२०.०० |
| १ | विश्वविद्यालय अनुदान आयोग | ५,९२५,०००.०० | १६ | भ्रमण खर्च | ८७,६२४.०० |
| २ | लुम्बिनी प्रदेश सरकार | ४,५००,०००.०० | १७ | विद्युत् महशुल | ७९,५१५.६० |
| | **कुल (B)** | १०,४२५,०००.०० | १८ | इन्टरनेट | ३१,५२५.२० |
| | **जम्मा आमदानी (A+B)** | १६,१२५,५४१.६० | १९ | टेलिफोन | २१,९२४.०० |
| | | | २० | खानेपानी | १,५०६.०० |
| | | | २१ | पत्रपत्रिका एवं प्रचारप्रसार | ६०,०००.०० |
| | | | २२ | चिया नास्ता | २४,८६४.०० |
| | | | २३ | इन्धन | ६,०००.०० |
| | | | २४ | मर्मत सम्भार | ७५,०००.०० |
| | | | २५ | अडिट शूल्क | ४८,०००.०० |
| | | | २६ | बैंक सेवा शूल्क तथा कमिशान | ९,०४९.७६ |
| | | | २७ | विविध | १०४,७७८.०० |
| | | | २८ | भवन निर्माण | १०,४२५,०००.०० |
| | | | | **जम्मा खर्च** | **१५,९८५,३३२.५६** |